आज मिति २०८२।११।०५ गते मंगलवारका दिन विहानको ११:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री धुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को नवौं वैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम वहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर<br>अमृतमान गुरुवाचार्य | का.वा. वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | ~~सुमन भण्डारी~~<br>महेन्द्रा कुमार डँगोल | वडा अध्यक्ष (का.वा.) | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सदस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | |

**मिति २०८२ साल फागुन ५ गते मंगलबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को नवौं बैठकको निर्णयहरु**

| निर्णय नं. | निर्णयको व्यहोरा |
|---|---|
| १ | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।१०।०९ गते बसेको आ.व. २०८२/०८३ को आठौं बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । |
| २ | प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान अन्तर्गत आगामी आ.व. २०८३/०८४ का लागि देहायका प्राथमिकता क्रम वमोजिमका आयोजना तथा कार्यक्रमहरु वागमती प्रदेश सरकार समक्ष प्रस्ताव गर्ने सम्वन्धमा आगामी वैठकमा छलफल गर्ने । |
| ३ | लिखु गाउँपालिका र लेकाली एकीकृत कृषि फर्म प्रा.लि. विच मिति २०७९।०६।०७ गते भएको संभ्फौता वमोजिम हाल लिखु गाउँपालिका वडा नं. ४ साविक चौघडा गाविसको कि.नं. ८०४,५८३,५५४,५५३,५५५ र ५५८ को करीव ५४ रोपनी जग्गा मध्ये ४० रोपनी जग्गा प्रथम पक्ष (लिखु गाउँपालिका) ले सामुहिक कृषि गर्नको लागि दोस्रो पक्ष (लेकाली एकीकृत कृषि फर्म प्रा.लि.) लाइ भाडामा उपलब्ध गराउने भनि भएको संभ्फौता दोस्रो पक्षले आजका मिति सम्म पनि प्रथम पक्ष संग सम्पर्कमा नआई संभ्फौताको शर्तहरु समेत पालना नगरेको र भाडामा लिएको जग्गा प्रयोजन विहिन वनाइ राखेको हुँदा संभ्फौताका शर्त वमोजिम हालसम्मको वाँकी वक्यौता रकम अशुल गरी संभ्फौता भंग गर्ने, सो को जानकारी दोस्रो पक्षलाई गराउने र सो स्थानमा निर्माणाधिन विभिन्न संरचनाले ओगटेका वाहेक वाँकी रहेको जग्गा पुन : भाडामा दिन आवश्यक प्रकृया अगाडि वढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । भाडादर: प्रतिरोपनी वार्षिक रु. ८२ हजार। |
| ४ | लिखु गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि वोलपत्र आव्हानको सूचना प्रकाशन गर्नको लागि अध्यक्षज्युबाट कार्यपालिका वैठकमा पेश गर्ने गरी मिति २०८२।११।०५ मा भएको निर्णय उपर छलफल हुँदा प्रस्तावित जग्गामा भवन निर्माणको लागि वोलपत्र आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो । |

५

क) लिखु गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत करार सेवा तथा ज्यालादारीमा कार्यरत रही २०८२ पौष मसान्त सम्म सेवा म्याद रहेका कर्मचारीहरुको निजहरुको नियुक्ति हुँदा निर्णय भए वमोजिम हुने गरी हाल खाइपाइ आएको पारिश्रमिकमा नवढ्ने गरी २०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्म म्याद थप गर्ने ।

ख) सडक वोर्ड नेपाल, मीनभवन काठमाण्डौको च.नं. ६७९ मिति २०८२।०९।२८ पत्रानुसार आ.व. २०८२/०८३ मा स्थानीय सडक मर्मत सम्भारको लागि यस गाउँपालिकालाई रु ८ लाख वजेट स्वीकृत भइ आएकोमा उक्त बजेटमा गाउँपालिकावाट व्यहोर्नुपर्ने समपुरक कोष समेत जम्मा रु १० लाख वजेट वाट देहायको योजना सन्चालन गर्न सडक वोर्ड नेपाल समक्ष सहमतिको लागि पेश गर्ने ।

१. सेरा मरणघाट गैरीगाउँ जाने मोटरवाटो मर्मत, लिखु ४ रु १० लाख

ग) वडास्तरवाट सिफारिस भई अध्यक्षज्यूको तोक आदेशबाट कार्यान्वयन भएका देहायका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने ।

| बजेट शिर्षक | रकम | कार्यक्रम/योजनाको नाम | विनियोजन रु. |
|---|---|---|---|
| पाठकटोल पन्थ मोडधोक्रे सालघारी पर्षभञ्ज्याङ मोटरबाटो | ३३,६७,५७८ | पशुपतिनाथ कृषि सहकारी संस्था लि. को दुई कोठे भवन थप गरी दुग्ध चिस्यान उपकरण (Chilling Vat) राखे | ५,००,००० |
| | | रामवरण मोड झिंगटिवारी सडक मर्मत तथा सरसफाई | २,००,००० |
| | | गोपिको मोड पार्खेटार हुँदै नागदह सडक सरसफाई | २,००,००० |
| | | पैयाबोटे मोड देखी अम्वबोटे खोल्ची सम्म मोटरबाटो मर्मत | २,००,००० |
| लोकमार्ग हुँदै खरेलडी राम्चे वोरापानी हुँदै विदुर न.पा.२ नुवाकोट दरवार जोड्ने मोटरबाटो | ३६,९४,१४० | राममन्दिर पञ्चकन्या वाहविसे सडकमा नालि व्यवस्थापन<br>आलडाडा उप्रेतीखोल्सी ग्रामीण बाटो मर्मत, लिखु ३ | ३,००,०००<br>५००००० |
| क्षेत्रपाल विद्यालय देखी पोखे थानापति मन्दिर छाप चौघडा रानिटार नचनडाँडा भित्रि मोटरबाटो | ३७,५७,७७७ | | |
| | | वाहुन चौतारो नजिकै रहेको आप्र मुल सडकबाट खोला जाने ओरालो बाटोवाट गड्खार वगैचा र विच वगैचाको स्थानियवासीहरुको मान्छे मर्दा | ४,००,००० |

| | | | |
|---|---|---|---|
| | | र खेतिपाति गर्न जाने ओरालो बाटो मर्मत | |
| | | लामछारो खरखरे सडक मर्मत | २,००,००० |
| | | थानापति सडकदेखि गोदाम घर सडक तथा गोदामघर देखि मञ्च सम्म सडक ग्रावेल | १०,००,००० |
| | | भक्तलाल चौतारा निर्माण | १,००,००० |
| साना पूर्वाधार शीर्षकबाट | 99,00,000 | खानेपानी इनार निर्माण | ३०,०००।- |
| | | नचनडाँडा ह्याकुले देखि राय खोला जाने मोटर बाटो ढलान | ६,००,०००।- |
| | | मध्य पहाडी लोक मार्ग देखि बाङ्गे जोड्ने गोरेटो बाटो स्तरोन्नती | १,००,०००।- |
| | | बाङ्गे टोलमा इनार निर्माण | 50000 ।- |
| | | विद्यालयको प्राङ्गणमा ब्लक बिछ्याउने | २,००,०००।- |
| | | बगैंचा थापा टोल हुँदै लोहनी डाँडा सम्मको सडक स्तरोन्नती | १,००,००० |
| | | धारा घर गोदारे मोटरबाटो ग्रावेल | १,००,००० |
| | | अपुरो अम्बोटेटार खण्ड निर्माण | २,००,००० |
| | | भगत घर देखी भेटनरी सम्म अपुरो पक्की नालि निर्माण | ५०,००० |
| | | चापाबोट चौतारा परिसरमा सर्वजनिक जग्गामा बधशाला सहित ट्रस छाना निर्माण | १,५०,००० |
| कला तथा संस्कृती प्रवर्द्धन कार्यक्रम | १०,००,००० | | |
| | | भण्डारनी देवी मन्दिर मर्मत | १,००,००० |

घ) देहायका आयोजना तथा कार्यक्रमहरु देहाय वमोजिम संसोधन गरी कार्यान्वयन गर्ने ।

| साविक योजना/कार्यक्रमको नाम | वजेट रु | संसोधित योजना/कार्यक्रमको नाम | वजेट रु |
|---|---|---|---|
| विदाइ भएर जाने | १ लाख | संघीय सरकारबाट यातायात | ४० हजार |

| | | | |
|---|---|---|---|
| म.स्वा.स्वयंसेविका सम्मान तथा विदाइ कार्यक्रम | | खर्च र पोशाक प्रोत्साहन खर्च वितरण (नपुग रकम व्यवस्था) | |
| | | लिखु गापावाट यातायात खर्च वितरण (नपुग रकम व्यवस्था) | ६० हजार |
| पन्चकन्या आगेटार मन्दिर पर्खाल निर्माण, लिखु ४ | १ लाख ५० हजार | रानीटार वस्ती संरक्षण, लिखु ४ | १ लाख ५० हजार |
| रानीटार पिपलबोट चौतारो निर्माण, लिखु ४ | १ लाख ५० हजार | रानीटार वस्ती संरक्षण, लिखु ४ | १ लाख ५० हजार |
| चौघडा स्वामी चौतारा बेन्च निर्माण, लिखु ४ | १ लाख | धरा घर गदारे मोटरवाटो ग्राभेल, लिखु ४ | १ लाख |
| ५ नं. वडाबासी पशुपालक कृषकलाई दुध उत्पादनमा अनुदान कार्यक्रम, लिखु ५ | २ लाख | भकारेटोल आलेवस्ती इनार निर्माण, लिखु ५ | १ लाख |

ङ) लिखु गाउँपालिकास्तरीय मल्टीकोल्ड स्थापनाको लागि युजभि इन्जिनियरिङ्ग सोलुसन प्रा.लि., कोटेश्वर काठमाण्डौबाट तयार गरी आजको वैठकमा प्रस्तुत भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने ।

च) लिखु गाउँपालिकाको कार्यालय र अन्तर्गत आवश्यक इन्धनको लागि लिखु गाउँपालिका वडा नं. ६ स्थित पन्चकन्या आयल स्टोरबाट इन्धन खरिद गरिदै आएकोमा निजको बाँकी विल भुक्तानी गरी अव देखि सो आयल स्टोरबाट इन्धनको लागि कुपन जारी नगर्ने ।